# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, भदौ २४ गते २०३१ साल [संख्या २२

श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

कोशी अञ्चलमा विद्युत् उत्पादन र वितरणको व्यवस्था गर्न नेपाल विद्युत् कर्पोरेशन ऐन, २०१९ को दफा ३ को उपदफा (१) र दफा ८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले पूर्वाञ्चल विद्युत् कर्पोरेशन नामको एक कर्पोरेशन स्थापना गरी सोको सञ्चालक समितिमा देहायबमोजिमको सञ्चालकहरू मनोनीत गरेको छ।

१. विद्युत् विभागका धनकुटा क्षेत्रीय शाखा प्रमुख – – अध्यक्ष
२. राष्ट्रिय योजना आयोगको धनकुटा क्षेत्रीय कार्यालयको प्रमुख – – सदस्य
३. श्री ५ को सरकारको फैक्ट्री इन्स्पेक्टर, विराटनगर – – – सदस्य
४. प्रधानपञ्च, विराटनगर नगर पञ्चायत – – – सदस्य
५. महा–प्रबन्धक, पूर्वाञ्चल विद्युत् कर्पोरेशन– – – सदस्य–सचिव
६. नेपाल विद्युत् कर्पोरेशनको प्रतिनिधि एक – – – सदस्य

आज्ञाले–

अच्यूतबहादुर राजभण्डारी

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

625

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।